# महोत्तरी गाँउपालिका

महोत्तरी गाउँपालिकाका उपाध्यक्ष, गाउँसभाका सदस्यहरु, यस गरिमामय गाँउसभाका आजका प्रमुख अतिथि माननीय श्रीमती गोमा लाभ ज्यू त्यस्तै विशिष्ट अथिति ज्यू, अतिथिज्यू र विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुज्यू, प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका कर्मचारीहरु, पत्रकारहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरु,

१. स्थानीय सरकार प्रमुखको रुपमा महोत्तरी गाउँपालिको आर्थिक वर्ष २०८२/८३ को बजेट तथा नीति कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्ने अवसर पाउँदा गर्वको अनुभूति गरेको छु । स्थानीय तहको दोश्रो निर्वाचन सफलता पूर्वक सम्पन्न गर्ने नेपाल सरकार, निर्वाचन आयोग सबै राष्ट्रसेवकहरु, प्रक्रियामा सँलग्न सबै राजनीतिक दलहरु र आम नागरिक प्रति धन्यवाद व्यक्त गर्दछु ।

२. स्थानीय तहको प्रथम कार्यकाल सफलता पूर्वक सम्पन्न गर्दै गाउँपालिकाको सर्वाङ्गीण विकासमा पुऱ्याउनु भएको योगदानका लागि गाउँपालिकाका पूर्व जनप्रतिनिधि ज्युहरुलाई उच्च कदर गर्दछु ।

३. सङ्घीय लोकतान्त्रिक गणतन्त्रको अभ्याससम्म आउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अपर्ण गर्दछु । राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नु हुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्दछु ।

४. तीन तहको सरकार बिचको सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्त अनुसार नेपाल सरकार र प्रदेश सरकारले प्रस्तुत गरेको दिगो विकासको लक्ष्य प्राप्ति सहितको बजेट तथा नीति कार्यक्रमलाई मध्यनजर गर्दै समग्र अर्थतन्त्र र कार्यप्रणालीलाई शिथिलताको चपेटामा पारेको जोखिमपूर्ण र चुनौतिपूर्ण अवस्थाबाट केही सामान्य अवस्था तर्फ आउँदा स्थानीय अर्थतन्त्रलाई राष्ट्रिय अर्थतन्त्रसँग आवद्ध गर्दै आर्थिक समुन्तीको आधार तयार पार्ने गरी बजेट तथा नीति कार्यक्रम तर्जुमा गरेको छु ।

**गाउँसभाका सदस्यज्यूहरु,**

५. विकास निश्चित उद्देश्य हासिल गर्न सबै वडाहरुबाट संकलन भएको योजना तथा कार्यक्रमबाट लक्षित वर्गलाई समेटेर अपनाइने रणनीति, समय, क्रियाकलापहरु र साधन श्रोतको संयोजन गरी योजनाबद्ध विकासको सुरुवात गरिनेछ ।

६. उच्च कार्यसम्पादन एवम् लगनशिलताका साथ चुस्त सेवा प्रवाह मार्फत स्थानीय सरकारका प्राथमिकता र कार्यक्रमहरुलाई नागरिक समक्ष पुऱ्याउन कर्मचारी वर्गबाट भएको सकारात्मक भूमिका उल्लेखनीय रहेको छ ।

संघ संस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत सबैको सदभाव र सहयोग हुनेमा विश्वस्त छु । धन्यवाद

**जय महोत्तरी गाँउपालिका**
**जय महोत्तरी बासी**
**दिलिप कुमार पाण्डेय**
**गाँउपालिका अध्यक्ष**

## अन्तिम लेखा प्रणाली र बेरुजु फछ्र्यौट

४९. गाँउपालिकामा आन्तरिक नियन्त्रण प्रणालीको रुपमा लागु गरिएको कार्यसंचालन निर्देशिकाको पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।

५०. सार्वजनिक लेखा समिति मार्फत अन्तिम लेखा परीक्षणले औंल्याएका त्रुटीहरु सुधार गरि फछ्र्यौटका लागि आवश्यकता अनुसार गाँउ सभा समक्ष पेश गरिनेछ र समयमै समपरिक्षण गरि बेरुजु फछ्र्यौटको व्यवस्था गरिनेछ ।

५१. आर्थिक पारदर्शिता र वित्तीय अनुशासनलाई कडाइका साथ पालना गर्दे बेरुजु कम गरिनेछ । बेरुजु फछ्र्यौटलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

## पञ्जीकरण व्यवस्थापन

५२. गाँउपालिका भित्रका व्यक्तिगत घटनाहरुको समयमै दर्ता गर्ने पद्धतिको विकास गरिनेछ । पूर्ण रुपमा अनलाइन पद्धतिममा घटना दर्ता गरिनेछ । सो सम्बन्धमा सचेतनाका कार्यक्रम समेत संचालन गरिनेछ । आवश्यकता अनुसार दर्ता शिविर समेत सञ्चालन गरिनेछ ।

## विद्युतीय सेवा तथा सुचना प्रविधि र संचार

५३. यस गाँउपालिका अन्तर्गतको सबै सामुदायिक विद्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा पालिका भवनमा ई-हाजिरी साथै धार्मिक स्थल मुल सडक, चौक आदि ठाउँहरुमा सि.सि.टि.भि जडान गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

**गाँउसभाका सदस्यज्यूहरु,**

५४. यी नीति तथा कार्यक्रमको कार्यान्वयनबाट समृद्ध महोत्तरी सुखी महोत्तरीबासी को गन्तव्यमा पुगी समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षा पुरा गर्न हाम्रो सरकारका प्रत्येक कार्यहरुको केन्द्रविन्दु आम नागरिक हुनेछन । सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभुति गरिनेछ ।

५५. समृद्ध महोत्तरी सुखी महोत्तरी बासी नाराका सबै क्षेत्र तथा आयामहरु समृद्ध नेपाल सुखी नेपालीसँग तादम्यता हुने गरि कायम गरिएको छ । हरेक स्थानीय तहले सो लाई प्राथमिकताका साथ कार्यान्वयमा ल्याउदाँ नेपाल सरकारको लक्षय अवश्य पुरा हुनेमा विश्वस्त छु ।

५६. अन्त्यमा, प्रस्तु नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयको लागि सबैको सहकार्य र स्वामित्य अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि सम्पूर्ण सरकारी निकाय, राजनीतिक दलहरु,

कार्यलाई निरन्तरता दिईनेछ । अपांग तथा अशक्तहरुलाई घर घरमा बैंकलाई पठाई बैंक द्धारा नै भत्ता वितरण गर्ने प्रबन्ध गरिनेछ ।

४०. अपाङ्गतालाई सम्बोधन हुने गरि विषेश बजेट व्यवस्थापन गरिनेछ । जेष्ठ नागरिकहरुलाई जेष्ठ नागरिक परिचयपत्र कार्ड घर घरमा पुर्याईनेछ ।

४१. अवैध नशा पसल तथा ठुलो स्वरको डि.जे. बजाउने माथि विशेष निगरानी राखी कार्वाही गरिनेछ ।

## पूर्वाधार विकास

४२. गाँउपालिकाका सबै बस्तीहरुलाई सडक सञ्जालसँग जोडिने छ । गौरवको आयोजनाको रुपमा गा.पा.को केन्द्र देखि सबै वडा हुदाँ जलेश्वर सदरमुकाम सम्मको बाटो जम्मा ५ कि.मि. जति कालोपत्रे गरिनेछ । साथै वडा नं. ५ मा एकीकृत पूर्वाधार विकास निर्माण कार्य संचालन गरिनेछ ।

४३. संघ र प्रदेश सरकारसँग समन्वय गरि पर्सा गाछी देखि महोत्तरी बजार हुदै सोनुखडा सम्म, महोत्तरी बजार हुदै प्रकौली सम्म र महोत्तरी अनैठा हुदै भगवानपुर सम्म र एकडारा गा.पा.को कोल्हुवा झोलुङ्गे पुल देखि महोत्तरी गा.पा.को वडा नं. ४ रतवाडाको रजैया सडक पक्की निर्माण कार्यलाई आ.व. २०८२/०८३ मै सम्पन्न गरिनेछ ।

४४. स्थानीय समुदायसँगको सहकार्यमा गाँउपालिकाको १५ शैया अस्पताल निर्माणको लागि बढि भन्दा बढि सेवाग्रहीहरुलाई लाभ हुने गरि लालपूर्जा भएको जग्गा प्राप्त गरि निर्माण कार्य अगाडी बढाईनेछ ।

४५. वडा नं. ३ मडै र ५,६ गोरिगम्मा मा कृषि बजार निर्माण तथा व्यवस्थापन कार्य सम्पन्न गरिनेछ ।

४६. एक घर एक विद्युतिय चुल्हा/सुधारिएको चुल्हा/वायोग्यास कार्यक्रमलाई निरन्तरता दिई ५५००-६००० घर परिवारलाई चुल्हो वितरण गरिनेछ ।

४७. गाँउपालिका भित्रका वास्तविक सुकुम्बासी, भुमिहिन दलित र अव्यवस्थित बसोबासीहरुको उचित व्यवस्थापनको लागि भुमि आयोग द्धारा प्रकाशित सुचना अनुसार को निवेदन संकलन गरि सुकुम्बासी तथा विपन्न नागरिकको पहिचान र अभिलेख व्यवस्थापनलाई व्यवस्थित गर्न भुमि सुधारं आयोगलाई सिफारिस गरिनेछ ।

४८. गाँउपालिकाभित्र सदाचारिता, नैतिकता, मितव्ययिता, कुशलता र प्रभावकारिता झल्कने गरि कार्य गर्ने कर्मचारीलाई गाँउपालिका उत्कृष्ट कर्मचारी पुरस्कारबाट सम्मान गरिनेछ । दण्ड तथा पुरस्कारको प्रणालीलाई व्यवस्थित र वस्तुनिष्ठ बनाईनेछ ।

आवासिय तथा गैर आवासिय छात्रवृति छात्र, छात्रा तथा दलित विद्यार्थीहरुलाई वितरण गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

३०. प्रारम्भिक बालविकास केन्द्र देखि ५ सम्मका विद्यार्थीहरुको पठनपाठनलाई निरन्तरता दिनका लागि दिवा खाजाको व्यवस्था, सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुको महिनावारी चक्रलाई व्यवस्थापन गरि उनीहरुको सिकाइ कार्यमा नियमितता दिन आवश्यक स्यानिटरी प्याडको व्यवस्था गरिनेछ । विद्यालय तहमा अध्ययनरत सबै बालबालिकालाई निःशुल्क पाठयपुस्तकको व्यवस्था गरि सबै बालबालिकाहरुलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गरिनेछ । यसका साथै शैक्षिक पहुँच विस्तारका लागि सामुदायिक सिकाइ केन्द्र मार्फत साक्षरता शिक्षा तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. यस महोत्तरी गाँउपालिकामा १५ शैया अस्पताल निर्माण कार्य अविलम्ब अगाडी बढाईनेछ । यसबाट अत्याधुनिक स्वास्थ्य उपकरण सहितको स्वास्थ्य सेवा प्रवाह गरिनेछ । डाम्ही मडै स्वास्थ्य चौकीमा जनस्वास्थ्य प्रयोगशाला सहितको स्वास्थ्य सेवालाई निरन्तरता दिइनेछ । बर्थिङ्ग सेन्टर डाम्ही मडै स्वास्थ्य चौकीमा संचालनमा आई सकेको हुदाँ दक्ष जनशक्ति भर्ना गरि व्यवस्थि तथा सुरक्षित तरिकाले संचालन गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

३२. आकस्मिक स्वास्थ्य सेवाका लागि ६ वटै वडालाई समेटने गरि सर्वसुलभ एम्बुलेन्स सेवालाई निरन्तरता दिईनेछ । नागरिकहरुको स्वास्थ्य विमा गर्ने अभियानलाई सक्रियताका साथ कार्यान्वयन गरिनेछ ।

३३. सबै वडाहरुमा खुल्ला जिम पार्क स्थापना गरिनेछ ।

३४. सबै वडाको मुख्य चौकमा फ्रि वाईफाई जोन निर्माण गरिनेछ ।

३५. गा.पा.अध्यक्ष स्तरिय स्वच्छता अभियान वडाको सबै गाँउमा संचालन गरिनेछ ।

३६. सबै वडाहरुमा स्वच्छ खानेपानीको लागि सामुहिक खानेपानी निर्माण गरिनेछ ।

३७. महोत्तरी गाँउपालिका अन्तर्गत नेपाल रेडक्रस सोसाईटी अनैठा शाखा भवन निर्माण सम्पन्न भई सकेकोले अगामी आ.व. देखि सेवा सुचारु गरि फ्रि- ब्लड जोनका रुपमा संचालन गरिनेछ ।

३८. स्वास्थय संस्था मार्फत वितरण हुने औषधिको स्टोरलाई व्यवस्थित गर्न eLmis प्रविधि मैत्री बनाइ कार्यान्वयन गरिनेछ । नेपाल सरकारले निशुल्क औषधी भनी घोषणा गरेका औषधीलाई सबै स्वास्थ्य संस्थामा नियमित उपलब्धताको प्रबन्ध गरिनेछ ।

३९. नेपाल सरकार द्वारा MIS system द्वारा EFT मार्फत लाभग्राहीको बैंक खातामा जम्मा गर्ने कार्यलाई निरन्तरता दिईनेछ । सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणाली मार्फत वितरण गर्ने

२२. गाँउपालिकाको क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा दर्ता नगरि व्यवसाय गरिरहेका व्यापारीलाई भेलाहरुलाई विषेश छुटको व्यस्थापन गरिनेछ र सबैलाई दर्ता गर्न प्रोत्साहन गरिनेछ ।

२३. सहकारीको वित्तीय सेवा तथा प्रविधिको प्रयोगमा वृद्धि एवं विकास गर्न नेपाल सरकारबाट विकास भएको कोपोमिस (COPOMIS) मा सम्पूर्ण सहकारीहरुलाई सामेल गराउन आवश्यक सहयोग र सहजीकरण गरिनेछ ।

२४. युवाहरुलाई स्वरोजगार बनाउनका लागि सिपमुलक तालिमहरु प्रदान गरिदै आई रहेको हुदाँ उक्त कार्यलाई निरन्तरता दिदै थप प्रभाकारी रुपले सञ्चालन गरिनेछ ।

२५. गाँउपालिका भित्रका बेरोजगार युवाहरुको लागत संकलन गरि प्रधानमन्त्री रोजगार तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना कार्यक्रममा आबद्ध गराई न्युन्तम एक सय दिनको रोजगारी प्रत्याभुत गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

२६. गरिबी निवारणका लागि मागमा आधारित लघु उद्यम विकास कार्यक्रमलाई छ वटै वडामा निरन्तरता दिइनेछ । नयाँ लघु उद्यमी सिर्जना र भईरहेका उद्यमीको स्तरोन्नतीको कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## सामाजिक क्षेत्र

२७. सामुदायिक विद्यालय अन्तर्गतको सबै शिक्षक, विद्यालय कर्मचारी तथा बालविकास शिक्षिकाहरुको मासिक तलब भत्ता पठाउने कार्यलाई निरन्तरता दिईनेछ । आन्तरिक श्रोत नभएको सामुदायिक विद्यालयमा संचालन तथा व्यवस्थापन खर्च अनुदान गाँउपालिकाबाट दिईनेछ ।

२८ सबैका लागि शिक्षा अभियान सञ्चालन गरि महोत्तरी गाँउपालिका भित्रका सबै बालबालिकाहरुलाई पूर्व प्राथमिक शिक्षाको अनुभव सहित आधारभुत तहसम्म अनिवार्य तथा निःशुल्क तथा माध्यमिक तहसम्मको निः शुल्क शिक्षामा पहुँच विस्तार गरिनेछ । साथै यस गाँउपालिका भित्र रहेको श्री जनता नमुना मा.वि.मडै र श्री रा.स.मा.वि.महोत्तरीमा मात्र १०+२ संचालन भई रहेकोले उक्त विद्यालयहरुमा १०+२ पढने विद्यार्थीहरुलाई निःशुल्य पठनपाठनको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

२९. महोत्तरी गाँउपालिकाका विद्यार्थीहरुको माध्यमिक तथा उच्च शिक्षामा पहुँच विस्तार गर्न शैक्षिक छात्रवृति कार्यक्रमलाई निरन्तरता गरिनेछ । गाँउपालिका भित्र स्थायी बसोबास भई माध्यमिक र उच्च माध्यमिक तहमा अध्ययनरत जेहेन्दार तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई गाँउपालिकाको कार्यविधिका आधारमा छात्रवृति प्रदान गरिनेछ । यसका साथै

महोत्तरी गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय महोत्तरी, महोत्तरी मधेश प्रदेश नेपाल

१३. गाँउपालिका क्षेत्रभित्रका करका दायरा फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति अवलम्बन गरिनेछ । कर सचेतना अभियान विभिन्न टेलिभिजन, रेडियो, फ्लेक्स प्रिन्ट गाँउघर तथा सबै नागरिकलाई देखिने गरि विज्ञापन गरि सबै नागरिकलाई सचेत गराई कर तिर्नु नागरिकको दायित्व हो भन्ने भावना सिर्जना गराई नागरिककै अग्रसरतामा आर्थिक ऐन २०८२ अनुसार राजस्व संकलन गरिनेछ ।

१४. स्थानीय परिवेश अनुसार पालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउका लागि सहकारी, सामुहिक तथा सार्वजनिक मोडेलको कृषि फर्मको स्थापना गर्न प्रोत्साहित गरिनेछ । कृषि विउविजनको सहज आपूर्ति, कृषि सामग्री व्यवस्थापन, रासायनिक मल व्यवस्थापन, सामुहिक खेती र बजार पँहुचका लागि समुह तथा सहकारी प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

१५. कृषि उपज वृद्धिका लागि माटो परिक्षण र सबै वडाहरुमा डिप टयुबवेलको जडान गरि पुर्ण रुपले पुग्ने गरि हरेक किसानको खेतमा सिँचाई पुगाईनेछ ।

१६. जि.जि.जि.आई का कार्यक्रमलाई निरन्तरता दिईने छ । यस संस्थाबाट किसानहरुको लागि स्यालो टयुबवेल, मोटर, स्प्रे टैंकी, विउ विजन आदि जस्ता विभिन्न कृषि सामग्री वितरण गरि किसानहरुलाई कृषि तर्फ आर्कषित गरिनेछ ।

१७. कस्टम हायरिङ्ग केन्द्रको साझेदारीमा विभिन्न कृषि सम्बन्धी मेशिनरी खरिद गरि किसानहरुलाई सुपथ मुल्यमा सेवा प्रवाह गरिनेछ ।

१८. वडा नं. ४ मा निर्माणाधीन शीतगृह निर्माण कार्यमा आ.व. २०८२।०८३ संघीय सरकारबाट न्युन बजेट विनियोजन भएको हुदाँ पालिकाबाट समेत साझेदारी बजेट व्यवस्थापन गरि निर्माण कार्यलाई पूर्णता दिनेछ ।

१९. आ.व. २०८१/०८२ मा गाँउपालिकाको सबै वडाहरुमा कृषि विद्युतिकरण कार्य प्रारम्भ भई पोल ५०५ र १०१ थान, ट्रान्सफर्मर १३ थान जडान समेत भई सकेकोले अपुग रहेको सबै वडाहरुमा पोल २५० थान ट्रान्सफर्मर ५ थान सहित आवश्यक तारहरुको व्यवस्थापन गरि सबै वडाहरुमा विजुली जडान भई कार्यान्वयन हुने छ । पशुपालन तथा कृषि कार्यका लागि दीर्घकालीन योजना तयार गरि कृषि सडक, कृषि विधुतिकरण तथा स्थानीय स्तरमा सिँचाइ प्रणालीको निर्माण गरिनेछ । साथै किसानहरुलाई सिँचाईको लागि निःशुल्क विजुली उपलब्ध गराईनेछ ।

२०. एक गाँउपालिका एक भेटेरिनरी डाक्टरको निति अनुसार भेटेरिनरी डाक्टरको व्यवस्थापन गरिनेछ ।

२१. नयाँ **पशु सेवा केन्द्र भवन निर्माण** भई सकेकोले नयाँ भवनबाट सबै सेवा प्रवाह गरिनेछ ।

महोत्तरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, महोत्तरी
मधेश प्रदेश नेपाल
२०७३

१३. गाँउपालिका क्षेत्रभित्रका करका दायरा फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति अवलम्बन गरिनेछ । कर सचेतना अभियान विभिन्न टेलिभिजन, रेडियो, फ्लेक्स प्रिन्ट गाँउघर तथा सबै नागरिकलाई देखिने गरि विज्ञापन गरि सबै नागरिकलाई सचेत गराई कर तिर्नु नागरिकको दायित्व हो भन्ने भावना सिर्जना गराई नागरिककै अग्रसरतामा आर्थिक ऐन २०८२ अनुसार राजस्व संकलन गरिनेछ ।

१४. स्थानीय परिवेश अनुसार पालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउका लागि सहकारी, सामुहिक तथा सार्वजनिक मोडेलको कृषि फर्मको स्थापना गर्न प्रोत्साहित गरिनेछ । कृषि विउविजनको सहज आपूर्ति, कृषि सामग्री व्यवस्थापन, रासायनिक मल व्यवस्थापन, सामुहिक खेती र बजार पँहुचका लागि समुह तथा सहकारी प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

१५. कृषि उपज वृद्धिका लागि माटो परिक्षण र सबै वडाहरुमा डिप टयुबवेलको जडान गरि पुर्ण रुपले पुग्ने गरि हरेक किसानको खेतमा सिँचाई पुगाईनेछ ।

१६. जि.जि.जि.आई का कार्यक्रमलाई निरन्तरता दिईने छ । यस संस्थाबाट किसानहरुको लागि स्यालो टयुबवेल, मोटर, स्प्रे टैंकी, विउ विजन आदि जस्ता विभिन्न कृषि सामग्री वितरण गरि किसानहरुलाई कृषि तर्फ आर्कषित गरिनेछ ।

१७. कस्टम हायरिङ्ग केन्द्रको साझेदारीमा विभिन्न कृषि सम्बन्धी मेशिनरी खरिद गरि किसानहरुलाई सुपथ मुल्यमा सेवा प्रवाह गरिनेछ ।

१८. वडा नं. ४ मा निर्माणाधीन शीतगृह निर्माण कार्यमा आ.व. २०८२।०८३ संघीय सरकारबाट न्युन बजेट विनियोजन भएको हुदाँ पालिकाबाट समेत साझेदारी बजेट व्यवस्थापन गरि निर्माण कार्यलाई पूर्णता दिनेछ ।

१९. आ.व. २०८१/०८२ मा गाँउपालिकाको सबै वडाहरुमा कृषि विद्युतिकरण कार्य प्रारम्भ भई पोल ५०५ र १०१ थान, ट्रान्सफर्मर १३ थान जडान समेत भई सकेकोले अपुग रहेको सबै वडाहरुमा पोल २५० थान ट्रान्सफर्मर ५ थान सहित आवश्यक तारहरुको व्यवस्थापन गरि सबै वडाहरुमा विजुली जडान भई कार्यान्वयन हुने छ । पशुपालन तथा कृषि कार्यका लागि दीर्घकालीन योजना तयार गरि कृषि सडक, कृषि विधुतिकरण तथा स्थानीय स्तरमा सिँचाइ प्रणालीको निर्माण गरिनेछ । साथै किसानहरुलाई सिँचाईको लागि निःशुल्क विजुली उपलब्ध गराईनेछ ।

२०. एक गाँउपालिका एक भेटेरिनरी डाक्टरको निति अनुसार भेटेरिनरी डाक्टरको व्यवस्थापन गरिनेछ ।

२१. नयाँ **पशु सेवा केन्द्र भवन निर्माण** भई सकेकोले नयाँ भवनबाट सबै सेवा प्रवाह गरिनेछ ।

मधेश प्रदेश नेपाल
२०७२

७. जनताको नजिकमा रहेर सेवा प्रवाह गर्दै शासन व्यवस्थालाई जनता समक्ष समन्यायियक तरिकाले पुऱ्याउने माध्यमका रुपमा रहेको स्थानीय सरकार कार्यपालिकीय, विधायिकी र न्यायिक तिनै अधिकार प्रयोग गर्न समक्ष हुँदै आइरहेको छ । स्थानीय सरकारको सुशासन, विकास र समृद्धिको लागि हामीले विभिन्न महत्वपूर्ण ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड जारी गरी कार्यान्वयनमा ल्याएका छौं । अरु विधि ल्याउने प्रयास यसपाली गर्ने छौं ।

८. गाउँपालिका भित्र रहेको सुकुम्बासी, घरबारविहिन, कच्ची टिन र खरले छाएका घर तथा शौचालय विहिन घर परिवारलाई सहायता प्रदान गरिएको छ । साथै यसपाली बाँकी विपन्न परिवारलाई सुरक्षित नागरिक आवास कार्यक्रम द्धारा भुक्तानी बाँकी रहेको लाभग्राहीहरुलाई भुक्तानी गर्ने बजेट व्यवस्थित गरेको छु ।

**गाउँसभाका सदस्यज्यूहरु,**

९. मानवीय क्षमता विकास, पूर्वाधार निर्माण, उद्यमशीलता र रोजगारी वृद्धि, स्थानीय नेतृत्व विकास, दिगो विकास, प्रभावकारी सेवा प्रवाह र कानुनी शासनको प्रत्याभूतिलाई प्राथमिकतामा राख्दै **"समृद्ध गाँउपालिका सुखी गाँउपालिका"** नारा सहित **"समृद्धि नेपाल, सुखी नेपाली"**को राष्ट्रिय आकाङ्क्षा पुरा गर्नका लागि बजेट तथा नीति कार्यक्रम केन्द्रित छन् ।

१०. मानव पूँजी निर्माण र रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्व वृद्धि, पूर्वाधार निर्माण, दिगो विकास र पर्यावरणीय सन्तुलन, सेवा प्रवाह सुदृढीकरण र सुशासनलाई प्राथमिकतामा राखिनेछ । अब म गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा नीति कार्यक्रम क्षेत्रगत रुपमा प्रस्तुत गर्दछु ।

११. यस आ.व. २०८२/०८३ मा देहाय बमोजिमको अनुमानित बजेट प्राप्त हुने भएको छ । संघीय सरकारबाट वित्तीय समानिकरण अनुदान रु. ९ करोड ५२ लाख, सशर्त अनुदान रु. १४ करोड ५३ लाख, विशेष अनुदान रु. १ करोड र समपुरक अनुदान रु. १ करोड ५ लाख मात्र गरि जम्मा रु. २६ करोड १० लाख, प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदान रु. ६६ लाख ८ हजार, सशर्त अनुदान रु. ८० लाख, विषेश अनुदान रु. ३० लाख र समपुरक अनुदान रु. २० लाख गरि जम्मा रु. १ करोड ९६ लाख ८ हजार र संघीय सरकारको राजस्व बाँडफाँडबाट रु. ८ करोड ३९ लाख ४९ हजार १ सय ८४ मात्र, प्रदेश सरकारको राजस्व बाँडफाँडबाट रु. ४९ लाख १६ हजार ४ सय ४० मात्र र आन्तरिक श्रोत अल्या सहित रु. ७ करोड मात्र गरि जम्मा कुल बजेट ४३ करोड ९४ लाख ७३ हजार ६ सय २४ मात्रको अधिनमा रही यस बजेट तथा नीति कार्यक्रम अनुसार अगामी बजेट शत्रमा यस गाँउपालिकाको विनियोजन विधेयक प्रस्तुत गरिनेछ ।

## आर्थिक क्षेत्र

१२. आन्तरिक स्रोत बढाउन राजस्व सुधार कार्यविधि अनुसारको कार्ययोजना बनाई राजस्वको दायरा बढाईने छ ।